**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ**
**को**

# पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९ पुष ०७ गते बुधवार**

मिति २०७९/०९/०६ गते (तद्नुसार २१ डिसेम्बर, २०२२) मा बसेको सञ्चालक समितिको ४५७ औं बैठकको निर्णयानुसार यस बैंकको पन्ध्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिकोलागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समयः**

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०७९/०९/२८ गते, बिहीवार (तद्नुसार १२ जनवरी, २०२३) । |
| स्थान | : | कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं । |
| सभा शुरु हुने समय | : | बिहान ११:०० बजेदेखि । |

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू :**

१. आर्थिक बर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७९/८० को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४. बैंकमा स्वतन्त्र सञ्चालकको नियुक्ति भएको सम्बन्धमा जानकारी ।
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु ९२,३४,८७,९७९/- (बैंकको चुक्ता पूँजीको ४.९५% चार दशमलव नौ पाँच प्रतिशतका दरले) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
६. बैंकको नियमावली अनुसार समूह "क" संस्थापक शेयरधनीहरूकोतर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पद - ३ (तीन) र समूह "ख" सर्वसाधारण शेयरधनीहरूकोतर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पद - २ (दुई) समेत सञ्चालक पद - ५ (पाँच) को निर्वाचन, मनोनयन वा नियुक्त गर्ने ।

**(ख) बिशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ४% (चार प्रतिशत)का दरले हुन आउने (रु ७४,६२,५२,९१२/-) बोनस शेयर जारी गर्ने र सोही बमोजिम बैंकको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने ।
२. निम्न बमोजिम बैंकको प्रवन्धपत्रमा संशोधन/थप गर्ने
   क) बैंकले बोनस शेयर जारी गरे पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएको हुनाले प्रवन्ध पत्र को दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।
३. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्ने सन्दर्भमा आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्वन गरी एक आपसमा मर्ज (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्नकालागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियार प्रदानगर्ने ।
४. प्रबन्ध पत्र र नियमावलीमा भएको संशोधनमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,
कम्पनी सचिव

**साधारणसभा सम्वन्धी सामान्य जानकारीहरु :**

१. यस साधारणसभा प्रयोजनका लागि मिति २०७९/०९/१४ गते एक दिनका लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/१३ गतेसम्म कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार, सिभिल क्यापिटल मार्केट्स लि., काठमाडौंमा प्राप्त शेयर नामसारी, दाखिल खारेजीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन, एवं लाभांश पाउन सक्नु हुनेछ ।

२. वार्षिक साधारणसभामा भाग लिंदा शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रूपमा साथमा लिई सभास्थलमा आउनुहुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले मतदान गर्न पाउने अधिकतम हद वा सीमासम्म त्यस्तो शेयरधनी हकमा रहेको बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंककै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ ।

४. "मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरु (प्रोक्सी) बदर भई सोही पत्रसाथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) लाईमात्र मान्य हुनेछ । एकै शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई कुनै किसिमबाट विभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको सक्कल दस्तखत भएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ । नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन, प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

५. संयुक्त रूपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनुहुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै सो को सूचना बैंकको रजिष्टर्ड कार्यालय, कमलपोखरी, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर,सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७. संस्थापक एवं सर्वसाधारण समूहको सञ्चालकको निर्वाचन सम्वन्धी जानकारी साधारणसभा हुनु भन्दा १५ दिन अगावै बैंकको केन्द्रीय कार्यालय स्थित निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन सम्वन्धी कार्यक्रमको सूचना बैंकको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

८. सञ्चालक निर्वाचन सम्वन्धी कार्यक्रम सञ्चालक निर्वाचन निर्देशिका बमोजिम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

९. सञ्चालक हुनको लागि बैंकको कम्तिमा १०० कित्ता साधारण शेयर धारण गरी मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनी हुनु पर्नेछ र कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकले जारी गरेको सञ्चालक निर्वाचन निर्देशिका बमोजिम अयोग्य नभएको व्यक्तिले मात्र उम्मेदवारी दर्ता गर्न सक्नेछ । संस्थापक शेयरधनीले सर्वसाधारण समूहको शेयरधनीको तर्फबाट उम्मेद्वारी दिन सक्ने छैन ।

१०. सञ्चालक पदमा उमेदवार हुन चाहने शेयरधनीले माथि उल्लेख भए बमोजिम बैंकको केन्द्रीय कार्यालयमा प्रकाशित निर्वाचन सम्वन्धी कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र बैंकको उमेदवार हुन चाहेको समूहको एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफनो उमेदवारीको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेदवारीबाट आफनो नाम फिर्ता लिन चाहेमासमेत सोही निर्वाचन सम्वन्धी कार्यक्रम बमोजिम आफनो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नुपर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक र समर्थक हुन सक्ने छैन ।

११. सञ्चालकको निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले बैंकको निर्वाचन निर्देशिकाको अनुसूचीमा उल्लेखित ढाँचाको मनोनयनपत्र तथा सोको दस्तुर रु १०,०००/- (दस हजार) (पछि फिर्ता नहुने) सहित निर्वाचन तालिकामा उल्लेखित मिति भित्रमा निर्वाचन अधिकृत समक्ष व्यक्तिगत रूपमा आफैं उपस्थित भई मनोनयन पत्र दाखिला गर्नु पर्नेछ ।

१२. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारणसभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुहुन अनुरोध छ ।

१३. शेयरधनी महानुभावहरूको सुरक्षा सुनिश्चित गर्न सुरक्षा जाँच हुने व्यवस्था मिलाइएको हुँदा सुरक्षाकर्मीले आगन्तुक सबैको सुरक्षा जाँच गर्न सक्नेछ । शेयरधनी महानुभावहरूले पनि अति आवश्यक नभए, छाता, झोला, प्याकेट जस्ता सुरक्षा जाँचमा जटिलता ल्याउने सामाग्री नलिई आउनु हुन र सुरक्षाकर्मीको जाँचमा सहयोग गर्नु हुन अनुरोध छ ।

१४. साधारणसभामा सम्बन्धित थप जानकारी तथा बैंकको आर्थिक वार्षिक विवरणका लागि बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी वा यस बैंकको शेयर रजिष्टर सिभल क्यापिटल मार्केट्स लि.मा सम्पर्क राख्न अनुरोध छ । साथै बैंकको वेबसाइट www.primebank.com.np मा समेत हेर्न र Download गर्न सकिने छ ।